**DOI:** https://doi.org/10.3126/pragyaratna.v6i2.70602

Established by INASP in 2007. Managed by Tribhuvan University Central Library.

Contents lists available at NepJol

**Pragyaratna**

*A Peer-Reviewed, Open Access Journal*



# नेपालको लोकतान्त्रिक आन्दोलनमा महिला सहभागिता

तारादत्त पनेरु [a] ✉

✉taradatta.paneru@mrc.tu.edu.np

[a] Faculty of Education, Tribhuvan University, Mahendra Ratna Campus

**Article Info**

**Received:** August 18, 2024

**Accepted:** September 15, 2024

**Published:** October 22, 2024

**लेखसार**

*नेपाल विभिन्न सास्कृतिक र सामाजिक मूल्य मान्यताले भरिपूर्ण देश हो। वि.सं. १९०३ देखि २००७ सालसम्म राणाको शासन र त्यसपछिको अवधिमा शाह वंशीय राजाको शासन शैली निकै संघर्ष र उतारका कारण २०४६ सालको जनआन्दोलनले सम्बैधानिक राजतन्त्रमा स्थापित गर्‍यो। यो आन्दोलनमा महिला वर्गको प्रत्यक्ष सहभागिताले राज्यका नागरिकमा लोकतान्त्रिक अधिकारको विजारोपण भयो। महिलाको राजनीतिक सहभागिता र संलग्नताले २०४६ सालको आन्दोलन निष्कर्षमामात्र पुग्न सकेन यसले महिला सशक्तिको प्रभावलाई विश्वव्यापी बनाउन सफल भयो। महिलाको राजनीतिक सहभागिताले लोकतान्त्रिक प्रकृयामा समावेशिकरणलाई बढाउने काम गर्‍यो। नेपाली महिलाले समाज परिवर्तन र विकासका लागि विभिन्न क्षेत्रबाट विशेष गरी महिलाको समानता र अधिकार लागि रगरेका साहसिक कार्य जनता सामु प्रष्ट नै छन्। साहसी र संघर्षशिल महिलाका कारण नेपाली महिलाले सम्मनपूर्वक बाँच्न पाउने र स्वतन्त्रताको प्रत्याभूति गर्न पाउने वातावरण सिर्जना भएको हो। एकतन्त्रीय राणाशासनको विरुद्ध र महिलामाथि भएको विभिन्न प्रकारको शोषण, अन्याय र अत्याचारको विरुद्धमा थुप्रै महिलाले आफ्नो जीवनको आहुती समेत दिए। प्रजातान्त्रको स्थापना पछि नेपाली महिला राजनीतिक, सामाजिक, आर्थिक, शैक्षिक, साहित्य लगायतका क्षेत्रमा सकृय बने र २००७ सालको क्रान्ती होस वा २०४६ र २०६२ को महिला वर्गको सकृय सहभागिता नरहेको भए नेपालमा लोकतन्त्रको स्थापना हुन सक्ने थिएन। महिलाको अथक प्रयास र समाजको विभिन्न क्षेत्रमा र सुधार भएकाले लोकतान्त्रिक आन्दोलनमा महिला सहभागिताको परिणामको रुपमा लिन सकिन्छ। नेपालको प्रत्येक लोकतान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका उच्च रुपमा लिन सकिन्छ। यस अध्ययनको उद्देश्य नेपालको प्रजातान्त्रिक आन्दोलनबाट प्राप्त उपलब्धिको विश्लेषण गर्नु हो। आन्दोलनका यी सबै अवस्था र अभियानलाई नियाल्दा महिलाहरु संगठन निर्माण र आन्दोलनको हरेक मोर्चामा अग्रणी भूमिका निर्वाह गर्दै आउनु भएको हो।*

**शब्दकुञ्जी**: *महिला सशक्तीकरण, लोकतन्त्र, संघर्षशील, स्वतन्त्रता, आन्दोलन*

## परिचय

नेपाल विभिन्न साँस्कृतिक र सामाजिक मूल्य मान्यताले भरिपूर्ण देश हो। यहाँका पवित्र नदी तथा लामो राजनीतिक इतिहासले नेपालको सभ्यतालाई विश्व सामु चिनाएको छ। विश्वका विशाल र समृद्ध मुलुक चीन र भारतको बीचमा अवस्थीत भूपरिवेष्ठित मूलुक हो। कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी रहेको यो देशले दक्षिण एसियाको ३ प्रतिशत एसियाको ०.३ प्रतिशत र विश्वको ०.०३ प्रतिशत रहेको छ।

नेपालमा विभिन्न वंशका शासकहरुले शासन गरे महिषपाल बंशी, किराँत, लिच्छवि र मल्लबंशीले शासन गरे। नेपालको राजनीतिक इतिहासमा वि.सं. १८२५ बाट सुरु भएको आधुनिक काल पनि वि.सं. १९०३ देखि २००७ साल सम्म राणा र शाहवंशको संयुक्त शासन संघर्ष र उतारचढाव भोग्दै राजाको प्रत्यक्ष शासनलाई २०४६ सालको जनआन्दोलनले संवैधानिक राजतन्त्रमा स्थापित गर्‍यो। २०६२/०६३ आन्दोलनको जगमा विकसित राजनैतिक परिवेशमा २०६४ चैत्रमा सम्पन्न संविधान सभाको चुनावबाट गठित संविधान सभाको २०६५ जेठ १५ गतेको पहिलो बैठकले राजतन्त्रको अन्त्य र गणतन्त्रको विधिवत घोषणा गरयो। आधुनिक नेपालको निर्माण र नेपालको लोकतान्त्रिक आन्दोलनमा घेरै व्यक्ति, संस्था र जसमा महिला वर्गको महत्वपूर्ण भूमिका रहेकोपाइन्छ। महिलाको संघर्षशील राजनीतिक प्रभावले नेपालमा राजनीतिक स्थायित्व भएको विषयलाई नकार्न सकिदैन। पुरुषसँग हातेमालो गर्दै संघर्षको मैदानमा सहभागि भएर स्वतन्त्रताको विगुल फुक्न सफल भए। जसको प्रत्यक्ष आधार २०४६ र २०६२ को जनआन्दोलन नै हो।

नेपाली महिलाहरुले समाज परिवर्तन र विकासका लागि विभिन्न क्षेत्रबाट विशेष गरी महिलाहरुको समानता र अधिकारका लागि गरेका साहसिक कार्य जनतासामु प्रष्ट नै छन्। साहसी अग्रणी महिलाको प्रयासबाट नेपाली महिलाहरुले सम्मानपूर्वक बाँच्ने वातावरण सिर्जना भएको र नेपाली महिलाहरुको समानता सहभागिता अधिकार सशक्तिकरणमा राष्ट्र र समाजको पनि ध्यानाकर्षण भएको पाइन्छ। नेपालमा महिला आन्दोलनको इतिहासमा नालापानी र काँगजको युद्ध देखि हालको गणतन्त्र स्थापनाको आन्दोलन सम्म आइपुग्दा हरेक समाज निर्माण र विकासको क्रममा नेपाली महिलाहरुको भूमिका अत्यन्त महत्वपूर्ण र निर्णायक रहेको पाइन्छ।

जहानियाँ राणा शासनको विरुद्ध र महिलामाथि भएको विभिन्न प्रकारको शोषण, अन्याय र अत्याचारको बिरुद्धमा दिव्या कोइरालाले

वि.सं. १९७४ मा महिला समिति बनाएपछि संगठित रुपमा पहिलो पटक राजनीतिक र सामाजिक जागरण फैलाउने कामबाट नेपालमा महिला अधिकारको आन्दोलनको शुरुवात भयो। वि.सं. १९९० सालमा चन्द्रकान्त जोशीले कन्या पाठशालाको स्थापना गरी पठनपाठन कार्य शुरु गरिन। जसको कारण महिलामा शिक्षाको प्रभाव पर्न गई वि.सं. १९९३ मा महिला आन्दोलनमा सहभागी बने। वि.सं. १९९७ मा योगमाया न्यौपानेले धर्मराज्यमरण गर्दै बालविवाह र विधवा विवाहको पक्षमा विद्रोह शुरु गरिन। (पन्त, २०७७ पृ ९९)

राणा शासनको विरुद्ध महिलाहरुलाई राजनीतिक रुपबाट सकृय बनाउदै २००३ सालको विराटनगर जुटमिलको आन्दोलनमा वि.पी कोइरालाले चलाएको सत्यागृह आन्दोलनमा दिव्या कोइरालाको नेतृत्वमा नलिनी उपाध्याय, इन्दिरा आचार्य, कामिनी गिरी जस्ता साहसिक महिलाको सहभागिता रहेको थियो। राणा शाहि कै विरुद्धमा २००४ सालमा मंगलादेवी सिंहको अध्यक्षतामा नेपाल महिला संघको निर्माण भयो। जसमा साधना प्रधान, सहाना प्रधान, श्रीमाया, शीलबन्दी, हीरादेवी तुलाचर, तुलसीदेवी सिंह लगायतका संघर्षशील महिलाको सकृयतामा समिति बनेको थियो।

राजा महेन्द्रले २०१७ साल पुष १ गते चलेको कदमको विरोधमा शैलजा आचार्यको नेतृत्वमा विरोध समिति गठन गरे। यसमा थुप्रै महिलालाई पंञ्चायती शासकबाट जेल हाल्ने कार्य भयो। २०२८ सालमा झापा आन्दोलन र २०३६ सालको विद्यार्थी आन्दोलनमा समेत महिलाको सकृय सहभागिता रहन गयो। २०४२ सालको सत्याग्रहमा समेत महिलाको सहभागिता निरन्तर चल्यो। बामपन्थी र काँग्रेसका नेतृत्व वर्गका महिलाले सत्याग्रहको आन्दोलनलाई अहिंसात्मक रुपमा प्रजातन्त्र प्राप्तिको बाटो अपनाउदै स्वतन्त्रताको नारा सहित आन्दोलनलाई अघि बढाउने काम भयो। उदार लोकतन्त्रको पक्षमा चलिरहेको विश्वव्यापी लहरकै कारण नेपाली काँग्रेसद्धारा २०४६ सालको भाद्र २४ गते देखि ३० गते सम्म बी.पी जयन्तीको उपलक्ष्य पारी सप्ताहव्यापी जनजागरण अभियान आयोजना गरियो। वि.स. २०४६ कार्तिक २०,२१,२२ गते कार्य समितिको बैठकले पूर्ण लोकतन्त्रको स्थापनाका लागि शान्तिपूर्ण र अहिंसात्मक जनआन्दोलन गर्ने निर्णय गरयो। जसका लागि राजनीतिक समूह, व्यापारी, वुद्धिजिवी, विद्यार्थी, किसान, महिला लगायत जनतालाई आह्वान गर्ने निर्णय गरेको थियो। वि.स. २०४६ भदौ ९- १४ मा सिराहा जिल्लाको विष्णुपुरकही मा नेकपा मालेको चौथो राष्ट्रिय अधिवेशन भएको थियो। त्यस महिला अधिवेशनले संयुक्त वाम मोर्चा र नेपाली काँग्रेस बीच संयुक्त आन्दोलन गर्ने निर्णय गरेको थियो। यसले महिला जगतमा निकै उत्साह थप्यो। (पन्त, २०७७ पृ ११४)

माओवादी जनयुद्धले चुलाचौकामा सीमित भएका महिलालाई सत्ता चलाउने अवस्थामा पुर्‍यायो। यस आन्दोलनले महिलाको सामाजिक अवस्थामा ठुलो परिवर्तन ल्यायो। २०६२/०६३ को जनआन्दोलनमा महिलाको सकृय सहभागिता कै कारण संवैधानिक राजतन्त्रको अन्त्य गरी लोकतान्त्रिक गणतन्त्र स्थापना भयो। वि.सं. २०४६ को जनआन्दोलनमा नेपाली महिलाको ठुलो मात्रामा सहभागिता थियो। जनताको प्रयासबाट ३० बर्षे निर्दलीय पंञ्चायती व्यवस्था र राजाको सकृय नेतृत्वमा परिवर्तन आइ देशमा पुनः प्रजातन्त्र स्थापना भयो। २०४६ साल पछि नेपाली महिला सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक, साहित्यिक, स्वास्थ्य, कानून, कला र विभिन्न क्षेत्रको विकासका लागि सकृय रहे। त्यस मध्ये धेरै महिला राजनीतिमा सकृय रुपले संलग्न भए। वि.सं. २०६५ मा २०५ वर्षको पुरानो राजसंस्थालाई हटाएर जनताको चाहाना अनुसार संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना भयो। उक्त आन्दोलनमा महिलाको उल्लेखनिय सहभागिता रह्यो।

आज महिलाहरुको राजनीतिक अधिकार कार्यान्वयनका लागि आर्थिक, सामाजिक र साँस्कृतिक रुपान्तरणको संघर्ष अभियान कै रुपमा अघि बढ्ने तहमा पुगेको छ। आन्दोलनका यी सबै अभियानलाई हेर्दा महिलाहरु संगठन निर्माण र आन्दोलनको हरेक मोर्चामा अग्रणी भूमिका निर्वाह गर्दै आउनु भएको हो। ति मध्येकयौ राजनीतिक संगठन भएर नेतृत्व दिए कतिले जेल नेल र यातना भोगे, कतिले सहादत प्राप्त गरे। कयौ महिलाले भूमिगत भएपछि घरपरिवारको जिम्मेवारी बहन गरी प्रशासनको दमन चिर्दै व्यवस्थित सामाजिक गतिविधिमा महत्वपूर्ण भूमिका खेले। लोकतन्त्र प्राप्तिको अविरल धारमा वालबच्चा, घरपरिवारको ख्याल नगरी आफ्नो जीवनको अनमोल समय राष्ट्र र जनताप्रति समर्पण गर्दै देशमा राजनीतिक स्थीरता कायम गर्ने हेतुले बलिदानीपूर्ण संघर्ष गरी देश स्वतन्त्र बनाउने कार्यमा महिला वर्ग अविचलित लागी रहे। (पन्त, २०७७ पृ १२६)

महिला आन्दोलन केवल महिला हक अधिकारसँग मात्र जोडिएको छैन। मूलुकको स्वाधिनता, राष्ट्रिय अखण्डता, सार्वभौमसत्ताको रक्षा, लोकतन्त्र र मानवअधिकारको प्राप्तीको आन्दोलन हो। नेपाली महिलाहरुको साहसिक योगदान मूलुकको स्वाधिनताको हरेक घटना र परिघटनामा रहि आएको छ। महिलावर्ग २००७ साल देखि संघर्ष गर्दै देशको स्वतन्त्रताको मुक्तिका लागि पटक पटक लडाइ लड्दै आए पनि समाजमा विद्यमान अन्धविश्वास, कुरीति, कुसंस्कारले गर्दा अन्याय, शोषण र विभेदको मारबाट मुक्त हुन सकेका छैनन। संविधान र कानूनमा जे जस्ता विषय उल्लेख भएता पनि व्यवहारमा लागु हुन सकेको छैन परम्परागत सोच र प्रचलनको कारणले परिवार, समाज र राष्ट्रले समेत महिलालाई अन्याय र विभेद गरेको देखिन्छ। विश्व मानव अधिकार घोषणा पत्रमा उल्लेख भए बमोजिम महिला र वालबालिकाको हकलाई सुरक्षित गर्न सकिएको छैन। २०४६/२०४७ सालको ऐतिहासिक जनआन्दोलन र त्यसले स्थापना गरेको वहुदलिय व्यवस्थाले महिलाको पक्षमा ऐतिहासिक महत्व बोकेको संविधान बन्यो जुन महिला सहभागिताको राजनीतिक आन्दोलन थियो। यसैगरि २०४६ देखि २०६३ साल सम्मको महिलाहरुको राजनीतिक आन्दोलन लैङगीक समानता एवं महिलाहरुको सशक्तिकरण तर्फ उन्मुख थियो। २०५२ सालको राजनीतिक परिवर्तनका लागि माओवादी पार्टीले अपनाएको रणनीति र बाटो जे जस्तो भएतापनि यो आन्दोलनको फलस्वरुप महिला सहभागिता र माओवादी सेनामा महिला प्रवेशले समाज र राष्ट्रको महिला प्रतिको दृष्टिकोणमा एउटा नयाँ सोच, चिन्तन, धारणा र विचारमा सकारात्मक प्रभाव बनेको पाइन्छ। माओवादी आन्दोलनमा महिला सहभागिताका दृश्यले पनि यहि कुरालाई प्रष्ट पारेको छ। बलिदानीपूर्ण आन्दोलनमा होमिएका माओवादी महिलाका कारण ग्रामीण महिला देखि शहरी क्षेत्रमा बसोवास गर्ने महिलामा पनि चेतनाको स्थीति सवल र सकारात्मक बनेको देखिन्छ। २०६२/०६३ को दोस्रो जनआन्दोलनले मूलुकलाई धर्मनिरपेक्ष, संघीय गणतन्त्रान्मक नेपालको आधारभूत परिवर्तनमा परिणत गरयो। यसमा महिला सहभागिता र आन्दोलनको भूमिकालाई केलाएर हेर्ने हो भने सं"3Lo g] पालका स्थानीय तहको अवस्था हेर्दा प्रदेश संख्या ७, महानगरपालिका ६, उपमहानगारपालिका ११, नगरपालिका २७६, गाउँपालिका

४६० जम्मा ७५३ रहेको छ। ति निकायमा महिलाको प्रतिनिधित्व र सहभागिता उल्लेख रहेको पाइन्छ। प्रदेश निर्वाचन परिणाम र महिला सहभागिताको स्थीति पनि निकै नै अर्थपूर्ण देखिन्छ। प्रतिनिधि र समानुपातिक निर्वाचनमा समेत महिला सहभागिताको स्थीति निकै वृद्धि भएको छ। यि तथ्याङ्कको विवरण शोध अनुसन्धान कार्यमा विस्तृत रुपमा गरिने छ। २०६२/०६३ को जनआन्दोलन पछि नेपालमा राजतन्त्रको अन्त्य भई गणतन्त्रको स्थापना भयो। पुनस्थापित अन्तरिम संसदको पहिलो बैठकले राज्यका सबै संरचनामा महिलाको ३३ प्रतिशत प्रतिनिधित्व गराउने संकल्प प्रस्ताव पारित गरेको थियो। २०६३ को अन्तरिम संविधानले पहिलो पटक महिलाको हकलाई मौलिक रुपमा स्थापित गरी मूलुकको राज्य संरचना सबै अंगहरुमा समानुपातिक समावेशिताको आधारमा सहभागि गराउने नीतिगत व्यवस्था गरेको थियो। पछिल्लो चरणमा राजनीतिक र नागरिक अधिकारको चेतना सहित शुरु भएको राणा विरोधी आन्दोलन देखि पंन्चायतको अन्त्य गर्दै बहुदलिय व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनासम्म आइपुग्दा महिला सहभागिता अझै फराकिलो र प्रभावकारी बन्दै आएको छ। महिला आन्दोलन आज सक्षमताका आधारमा राज्यसत्ता र शक्तिमा प्रवेश गरेको छ। महिला आन्दोलनमा भएको यहि परिवर्तन र बिकासलाई आजको समाजले अंगिकार गरी सकेको छ। लोकतान्त्रिक आन्दोलनका हरेक पाटो र पक्षमा नेपाली महिलाले खेलेको भूमिकालाई जिवन्त राख्ने कुरामा कहि कतैबाट पनि नकार्न सकिदैन। मुख्यगरी २०४६ र २०६२ सालको राजनीतिक आन्दोलनमा महिला सहभागिताको स्थीतिका सम्बन्धमा यस शोध कार्यमा विस्तृत रुपमा अध्ययन गरिने छ।

**समस्याको कथन**

नेपालको राजनीतिक गतिविधिलाई विभिन्न समयमा विभाजन गरेर अध्ययन गर्दा नेपाली महिलाहरुको राजनीतिक यात्राको शुभारम्भ त्यति सुखमय छैन। समाजमा रहेको विभेद, विकृति, विसंगति, असमानता, सास्कृतिक अन्धविश्वास, सामाजिक मूल्य, मान्यता, प्रथा र परम्पराका साथै पैतृक सम्पत्ति, समान अधिकार, राजनीतिक अधिकार र असमान शासनको विरुद्ध महिलाहरुले विभिन्न कालखण्डमा निर्वाध रुपमा आवाज उठाउदै संघर्षको मैदानमा सहभागी हुदै आएका छन्।

नेपालको ऐतिहासिक लोकतान्त्रिक आन्दोलन देखि संघीय लोकतान्त्रिक गणतन्त्रलाई बैधानिक घोषणा गर्ने नेपालको संविधान २०७२ जारी हुँदासम्म महिला नेतृत्वको भूमिका सराहनिय छ। यसबाट नेपाली समाजमा ठूलाठूला परिवर्तन भएका छन्। तर जुन रुपमा परिवर्तन भयो र महिलाको सहभागिता रह्यो त्यो अनुरुप आर्थिक सामाजिक, साँस्कृतिक परिवर्तन हुन सकेन। जसको मार महिला वर्गले खेप्नु परि रहेको छ। पितृसत्तात्मक समाजले सृजना गरेका विभेद र असमानताका अवशेष अझै बाँकी छन्। अर्को तर्फ अशिक्षा, बेरोजगारी, गरिबी र महिला अन्याय र हिंसाबाट महिलावर्ग बढी प्रभावित हुन पुगेका छन्। नेपाली महिलाले राष्ट्रियता र लोकतन्त्र प्रतिको प्रतिबद्धताका साथ कर्तव्यनिष्ठ भई २०४६ र २०६२ सालको जनआन्दोलनमा सहभागि बने। सबै अवसर र चुनौतीलाई व्यवस्थापन गर्न महिला सफल पनि भएका छन्। राजनीतिक र सामाजिक रुपमा महिला आन्दोलनले आजसम्म आई पुग्दा गुणात्मक फड्को मारिसकेको छ। सबै महिला सार्वजनिक रुपमा आर्थिक अपार्जनको क्षेत्रमा आवद्ध हुँदै आत्मनिर्भर बन्न पुगेको छन्। मार्क्सवादले भने जस्तै महिलाहरु आत्मनिर्भर भएपछि मुक्त हुन्छन भन्ने कथन व्यक्तिगत रुपमा जीवनमा लागु भएको छ। तर परिवार, पेशा दुबै जिम्मेवारी र दायित्वका कारणले सार्वजनिक गतिविधिमा नेतृत्वदायी भूमिकामा निरन्तरता दिने समस्या नै देखिएको छ। नेपाली महिलाहरु अहिले पनि समाजमा विद्यमान अन्धविश्वास, कुरीति, कुसंस्कारले गर्दा अन्याय, शोषण र विभेदको मारबाट मुक्त हुने सकेका छैनन। परम्परागत सोच र प्रचलनको कारणले परिवार, समाज र राष्ट्रले समेत महिलालाई अन्याय र विभेद गरेको देखिन्छ। २०४६ र २०६२ को आन्दोलनमा महिला सहभागिताको स्थीतिमा के कस्तो प्रभाव छ भन्ने विषयमा शोध गर्न निम्नानुसार शोध प्रश्न बनाइएको छ।

१. नेपालको लोकतान्त्रिक आन्दोलनमा महिलाको योगदान के कस्तो रहेको छ ?

२. २०४६ र २०६२ सालको आन्दोलनमा महिलाकोयोगदान र सहभागिता के कस्तो रहेको छ ?

३. लोकतान्त्रिक आन्दोलनबाट प्राप्त उपलब्धीको नेपाली महिलामा के कस्तो प्रभाव परेको छ ?

**उद्देश्यको कथन**

प्रस्तुत शोधमा २०४६ र २०६२ को राजनीतिक आन्दोलनमा महिलाको योगदान र सहभागिताको प्रभाव सम्बन्धी अध्ययन गर्नु सामान्य उदेश्य रहेको छ भने निम्नानुसार विशिष्ट उदेश्यहरु निर्धारण गरिएका छन्।

१. नेपालको लोकतान्त्रिक आन्दोलनमा महिलाको योगदानको निक्यौल गर्नु।

२. २०४६ र २०६२ सालको राजनीतिक आन्दोलनमा महिलाको योगदान र सहभागिताको विश्लेषण गर्नु।

३. लोकतान्त्रिक आन्दोलनबाट प्राप्त उपलब्धिको नेपाली महिलामा परेको प्रभावको विश्लेषण गर्नु।

**पूर्वकार्यको समिक्षा**

नेपालकोराजनीतिक कालखण्डमा धेरै मानिसले आ-आफ्नो क्षेत्रबाट राजनीतिका विभिन्न पाटामा संलग्नता जनाए। नेपाल राज्यको स्थापना भए यता काठमाण्डौ उपत्यकालाई मात्र नेपाल मानिने अवस्था थियो। वि.सं. १९९३ को सुगौली सन्धि देखि मेचिकालीको भूखण्डमा नेपालको सार्वभौमिकता कायम भयो। यिनै भु-भागमा नेपाल आमाका विभिन्न सपुतले राज्य निर्माणका लागि अनवरत

संघर्ष  गरे । नेपाल राज्यको बाइसे र चौविसे संरचनालाई अन्त्य गरी वि.सं. १८२५ कम जब सिङगो नेपालको  निर्माण गरी राजनैनिक प्रणाली स्थापित भयो । देशमा शाह वंशीय राज्यले राज्य गर्दा कै अवस्थामा  बि.सं. १९०३ मा जङ्गबहादुरले आफ्नो हातमा राज्यको शक्ति लिई १०४ वर्षसम्म एकाधिकारवादी राणा शासनको विजारोपण गरे । यिनै राणा शासनका विरुद्धमा लागे बाफत थुप्रै नेपाली आमाका सपुतले  देशको राष्ट्रियता र लोकतन्त्रको स्थापनाका लागि सहिद हुनु परयो । नेपाल विश्वमा पृथक विशेषता बोकेको मूलुक हो । यसको भौगोलिक अवस्था धेरै सानो भएता पनि यहि भूभागका चेतनशिल महिला,  पुरुषले एक दलिय शासनका बिरुद्ध लामो संघर्ष गरी रहे । यिनै राजनीतिक संघर्षका मियोमा महिला वर्ग अग्रपंक्तिमा आउछन्। वि.सं. २००३ सालमा स्थापना भएको नेपाली कांग्रेसमा आवद्ध महिला र  वि.सं. २००५ सालमा स्थापना भएको कम्युनिष्ट पार्टीमा आवद्ध र संलग्न महिला वर्गले २००७ सालको क्रान्तिमा आफूलाई स्वतन्त्रता र प्रजातान्त्रिक मूल्य मान्यताको स्थापनाका लागि बलिदानीपूर्ण  संघर्ष गरे । नेपाल र भारतमा बसेर समेत प्रजातान्त्रिक हक प्राप्ति र समातामूलक समाजको निर्माणका लागि सयौ महिलाले अन्याय र अत्याचारका बिरुद्ध लामो लडे । लामो समय जेलनेल विताई २००७,  २०१७, २०३६, २०४२, २०४६ र २०६२ सालको प्रजातान्त्रिक र लोकतान्त्रिक आन्दोलनमा सरिक भएका महिलाले पारिवारिक मोहबाट मुक्त भई त्याग, समर्पण, लगनशील भई कार्य गरेका महिला वर्गको राजनीतिक योगदान र सहभागिताका सम्बन्धमा विदेशी विद्वानले कलम चलाउने शाहस गरेता पनि नेपाली जनमानस र मूलतः २०४६ र २०६२ सालको राजनीतिक आन्दोलनमा महिलाले गरेको  योगदान र सहभागिताको विषयमा गहन रुपमा अनुसन्धान हुन सकेको छैन । महिलाले गरेको लोकतान्त्रिक योगदान समिक्षा र यिनको प्रजातन्त्र प्रतिको लगाव, निष्ठा, निस्वार्थताको बारेमा शोधखोज गर्नु नितान्त, आवश्यक ठानिन्छ । महिलाले गरेको योगदानको निष्ठा पूर्ण राजनीतिक सहभागिता र  अवस्थाको बारेमा खोजमूलक अनुसन्धान आवश्यक देखिएकोले यस बिषयमा भएका प्रकाशित पुस्तक र महिलाले गरेका योगदानका बारेमा भएका केही पूर्वकार्यको समिक्षा यस प्रकार गरिएको छ ।

अधिकारी (२०५९) ले नेपाली काँग्रेसको इतिहास नामक पुस्तक लेखेका छन् । यस पुस्तकमा वि.सं. २०४६ सालको जनआन्दोलनको परिणाम स्वरुप बहुदलिय लोकतन्त्रको विषयमा उल्लेख छ । यस आन्दोलनमा महिला सहभागिताको विषयलाई पनि स्पष्ट रुपमा उल्लेख गरेको छ । वि.सं. २०४७ सालको संविधानले संवैधानिक राजतन्त्र बहुदलिय प्रजातन्त्र र नागरिक सार्वभौम अधिकारलाई महिला अधिकार सँग जोडेर अपरिवर्तनिय बनाएको छ ।

पाण्डे (२०७८) ले धर्तीमाथिकोदावी भन्ने पुस्तक लेखेका छन्। यस पुस्तकमा महिला संघर्षका अनेक  आयामको बारेमा चर्चा गरिएको छ । साथै संसदिय राजनीति, मताधिकार र महिला आन्दोलनका  विषयमा पनि उल्लेख गरिएको गरिएको छ ।

भण्डारी (२०७९) ले द्वारिकादेवी ठकुरानी नामक पुस्तक लेखेका छन् । यस ग्रन्थमा नेपालको  प्रजातान्त्रिक आन्दोलनमा पहिलो महिला मन्त्रीले गरेको योगदानलाई विस्तृत रुपमा चर्चा गरिएको छ ।  नेपाली काँग्रेस, आम निर्वाचन २०१५ र महिला सशक्तिकरणमा उनले खेलेको भूमिकालाई समेत यस  पुस्तकमा प्रष्ट पारेको छ ।

टंक पन्त (२०७७) को सम्पादनमा नेपाली महिलाको ऐतिहासिक आन्दोलन नामक पुस्तक प्रकाशित भएको छ । यसमा सामाजिक न्याय, प्रजातन्त्र, महिला अधिकार र मानव अधिकारका लागि लामो समय संघर्ष गरेका अग्रज महिलाको योगदान र पहिचानलाई प्रष्ट रुपमा उल्लेख गरिएको छ । साथै राजनीतिक, आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक क्षेत्रमा लागेका महिलाको योगदानको विषयलाई समेत प्रष्ट पारेको छ । यस पुस्तकमा महिला योगदानको कारणले सदियौ देखि सामाजिक विभेद र उत्पीडनबाट प्रताडित वर्ग, लिङ्ग, क्षेत्र र समुदायमा आफ्नो अधिकार सहित समाजमा स्थापित हुँदै आएका विषयलाई पनि प्रष्ट पारेको छ ।

गिरी (२०६१) ले नेपाली संस्कृति, इतिहास र राजनीति भन्ने विषयमा कलम चलाएका छन् ।  इतिहासलाई विगतको घटनाक्रम र राजनीतिको चित्रण गर्दै लेखकले नेपालका प्रत्येक आन्दोलनमा पुरुष जत्तिकै महिला वर्गको योगदान रहेको विषयलाई स्पष्ट रुपमा उल्लेख गरेका छन् । यो पुस्तक यस अनुसन्धानका लागि निकै उपयोगी रहेको छ ।

पोखरेल (२०७४) ले आधुनिक राजनीतिक सिद्दान्त नामक पुस्तक लेखेका छन्। यस पुस्तकमा  राजनीतिशास्त्रको परिचय, अध्ययन पद्दति, राज्य, सरकार, मताधिकार, जसमा महिला मताधिकार, राजनीतिक दल, राजनीतिक सामाजिकीकरण विषयमा प्रष्ट रुपमा सैद्धान्तिकीकरण गर्ने प्रयास गरिएको छ । सिद्धान्त र व्यवहारका विषयमा यस अनुसन्धानका लागि यो पुस्तक निकै उपयोगी देखिन्छ ।

के.सी (२०६४) ले नारी संघर्षको यात्रामा नामक पुस्तक लेखेका छन्। यस पुस्तकलाई कथासंग्रहको रुपमा प्रकाशित गरिएको छ । यसमा लेखकले आफ्नै भोक्ता जिन्दगीलाई आख्यात्मक शैलीमा पस्किनु  भएको छ । बेरोजगारी, परिवार, नारीप्रतिको अत्याचार अन्धविश्वास र परम्परा ग्रस्त समाज चित्रण, नैराश्यताको चित्रण र विवशताजन्य नारी यथार्थकोचित्रण यस पुस्तकमा गरिएको छ । यस अनुसन्धानमा यो पुस्तकप नि उपयोगी हुने विश्वास लिन सकिन्छ ।

रेग्मी (२०६७) ले कम्यूनिष्ट आन्दोलनका बहस नामक पुस्तक प्रकाशित गरेका छन् । यस पुस्तकमा मार्क्सवाद, लेनिनवाद, माओवाद र विशेष गरी चिनियाँ प्रतिक्रान्ति देखि नेपाली जनयुद्धमा महिलाको  संघर्षपूर्ण अवस्थाको बारेमा उल्लेख गरेका छन् ।

उपाध्याय (२०६८) ले नेपालको प्रजातान्त्रिक आन्दोलनमा नारीहरु नामक पुस्तक लेखेका छन् । यस  पुस्तकमा लेखकले नेपालमा भएका विभिन्न आन्दोलन र यी आन्दोलनमा नेपाली महिला जो अग्र  पंक्तिमा बसेर राष्ट्रको सार्वभौमिकताको लागि अनवरत संघर्ष गरे ति महिलाको वास्तविक जीवनमा  भोग्नु परेका कठिनाइ र देशको स्वतन्त्रता नारी मुक्ति र विभेद हटाउनको लागि गरेको त्याग, तपस्या, समपर्ण र परिवर्तनकामी महिलाको योगदानको विषयलाई स-विस्तार व्याख्या गर्नु भएको छ । यस अनुसन्धानका लागि यो पुस्तक निकै उपयोगी बन्न पुगेको छ ।

के.सी (२०६२) ले नेपाली कम्युनिष्ट आन्दोलन को इतिहास नामक पुस्तक लेखेका छन् । लेखकले यस पुस्तकमा नेपालका प्रजातान्त्रिक आन्दोलनमा विभिन्न कम्यूनिष्ट पार्टीले गरेको योगदानको विषयलाई प्रष्ट पारेका छन्। सर्वहारा र समाजवादी क्रान्तिमा लागेका कम्यूनिष्ट पार्टी कसरी प्रजातान्त्रिक आन्दोलनमा सरिक भए भन्नेविषयको पनि चर्चा गरिएको छ । बामपंन्थी आन्दोलनमा कम्यूनिष्ट सिद्धान्त र आदर्शमा विश्वास गर्ने महिलाको योगलाई पनि प्रष्ट पारिएको छ ।

शिवमाया (२०६५) ले नेपालमा महिला आन्दोलन विषयक पुस्तक लेखेकी छन् । यस पुस्तकमा कम्यूनिष्ट आन्दोलनमा महिलाको सहभागिता र योगदानलाई प्रष्ट पारेका छन् ।

आचार्य (२०५४) ले २०४६ सालको जनआन्दोलनमा नेपाली काँग्रेसको भूमिका पुस्तक प्रकाशित गरेका छन् । यस पुस्तकमा २०४६ सालको जनआन्दोलनको पृष्ठभूमी, यसको प्रारम्भ घटना र उपलब्धीको विश्लेषणात्मक ढंगबाट व्याख्या गरिएको छ । साथै यसमा महिला योगदानको पनि चर्चा गरिएको छ ।

बस्नेत (२०५३) ले नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका विषयक पुस्तक लेखेका छन् । यस पुस्तकमा लोकतन्त्रको लडाई लड्दा धेरैको घोर विल्लीवाठ भएको, कति विरङ्गनाको सिन्दुर पुछिएको, कतिको सर्वस्वहरण भएको र कति महिलाले जेलनेल भएको समेत यस्ता अनगिन्ती उत्सर्गको गाथाका बारेमा प्रष्ट पारिएको छ । यस अनुसन्धानका लागी यो पुस्तक निकै उपयोगी बन्न पुगेको छ ।

राष्ट्रिय महिला भेला २०५२ को प्रतिवदेनमा राजनीतिमा महिला सहभागिताको बारेमा चर्चा गरिएको छ । यस प्रतिवेदनमा राजनीतिक, आर्थिक, सामाजिक, शैक्षिक, प्राविधिक, प्रशासनिक क्षेत्रमा महिलाको योगदान पुरुष भन्दा कम नरहेता पनि पुरुष प्रधान मानसिकताका कारण महिलालाई घर देखि राज्य व्यवस्था सम्म पनि विभेद गरीएको विषयलाई प्रष्ट पारेको छ । बहुदलिय व्यवस्थाको स्थापनामा महिलाको सहभागिता पनि उल्लेख्य रहेको विषय पनि यस प्रतिवेदनमा समावेश गरिएको छ ।

चौधरी (२०५०) ले नेपाली महिलामा जनचेतना वृद्धि पुस्तक लेखेका छन् । यस पुस्तकमा महिलामा आएको शैक्षिक जागरण र र ाजनीतिक स्वतन्त्रताका कारण समाजमा महिलाको प्रभाव पनि बढ्दै गएको चर्चा गरिएको छ । घरको चौघेरामा सीमित महिला वर्ग राजनीतिक रुपान्तरणको प्रभावमा राज्यका माथिल्लो निकायमा पुग्न सकेको पनि उल्लेख गरेका छन् ।

जोशी (२०६५) ले लैङ्गीकता र विकास नामक पुस्तक लेखेका छन्। महिला र पुरुष दुवै प्रयासबाट विकास निर्माणका कार्य शुरु भएकाले विकास प्रकृयामा समावेशिताको सिद्धान्त आवश्यक भएको कुरा चर्चा गरिएको छ । विभेद रहित समाजबाट नै बिकासका प्रकृया अघि बढ्ने धारणा समेत यसमासमाबेश छ । यस शोधका लागि यो पुस्तक निकै उपयोगी नै देखिन्छ ।

भूषाल (२०६५) ले लोकतान्त्रिक आन्दोलनमा महिला नामक पुस्तक लेखेका छन् । प्रजातन्त्र, मानव अधिकार र मानवोचित जीवनका लागि समय समय चलेका आन्दोलन महिला वर्गको सहभागिताका कारण सफल भएको विषयलाई सान्दर्भिक रुपमा उल्लेख गरे का छन् । २००७, २०४६ र २०६२ को राजनीतिक आन्दोलनमा आधा आकाश छुने महिलाको संलग्नता र संघर्षका कारण देशले स्वतन्त्रता प्राप्त गरेको विषय उल्लेख छ । २०४६ सालकै आन्दोलनको कारणले निर्माण भएको २०४७ सालको संविधानले संवैधानिक राजतन्त्र, बहुदलिय प्रजातन्त्र र नागरिक सार्वभौम अधिकारलाई अनुल्लंघनिय र अपरिवर्तनिय गरेको कुरा यस पुस्तकमा उल्लेख छ । हिजोका निर्दलवादी र एकदलिय अधिनायकत्वमा विश्वास गर्ने वामपंन्थीले पनि बहुदलियता र बहुदललाई स्वीकार गरि देश निर्माणको बाटो अग्रसर

भएको विषय उल्लेख छ । लोकतान्त्रिक अभ्यासमा महिलाले गरेको योगदानलाई विर्सन नहुने कुरा पनि उल्लेख गरेको छ । २०६२/०६३ सालको जनआन्दोलनमा महिला नेतृत्वको गुणात्मक, संख्यात्मक रुपमा सक्रियता रहि समावेसि लोकतन्त्र, शान्ति प्रकृयाकोथालनी, संघीयताको बहस र गणतन्त्रको स्थापनामा महिलाको सहभागिता रहेको विषय यस पुस्तकमा स्पष्ट गरिएको छ ।

विभिन्न विद्दान महिलाले समेत महिला आन्दोलन र लोकतान्त्रिक आन्दोलनका विषय कलम चलाएका छन् । जसमा शशी श्रेष्ठ, नेपालमा महिला आन्दोलन, दुर्गा घिमिरे, राजनीतिमा महिला सहभागिता बिमला बि.क, नेपाली महिला आन्दोलना दलित महिला इरादा गौतमले, महिला अधिकारका लागि गरिएका अभियान, यसैगरी महिलाले प्रशासनीक, आर्थिक विकास, शिक्षा, धर्म संस्कृति, संगित र इतिहास जस्ता विषयमा आफ्ना विचार पस्केकाले यस अनुसन्धानका लागि यि लेख रचना निकै उपयोगी रहेका छन्। २०४६ र २०६२ सालको राजनीतिक आन्दोलनमा महिला सहभागिताको स्थीति विषयमा व्यवस्थित किसिमले कहि कतै व्याख्या नभएकाले यो पहिलो अनुसन्धानका रुपमा लिइएको छ । राष्ट्रिय स्वाभिमानको रक्षा, लोकतान्त्रिक मूल्य, मान्यताको संरक्षण, नागरिक स्वतन्त्रता र लोकतन्त्र प्राप्तीमा भएका यि महत्वपूर्ण आन्दोलनमा नेपाली महिलाको भूमिकालाई सशक्त रुपमा उजागर गर्ने विषयलाई अनुसन्धानमा ल्याई प्रस्टयाउनु यो अनुसन्धानकृ प्रमुख कार्य हो ।

## अध्ययनको औचित्य र महत्व

नेपालका हरेक लोकतान्त्रिक आन्दोलनमा महिलाको प्रत्यक्ष र अप्रत्यक्ष सहयोग रहदै आएकोछ । आन्दोलनका विभिन्न पाटो र पक्षमा विभिन्न शोधखोज हुदै आए पनि २०४६ र २०६२ को राजनीतिक आन्दोलनमा महिलाको के कस्तो सहभागिता रहन गयो गहिरिएर अध्ययन गर्न अति नै आवश्यक भएकाले यो शोधकार्य गर्नु परेको हो । लोकतन्त्र स्थापनाको लागि चलेका विभिन्न राजनीतिक दलका महिला नेताहरुको संयुक्त प्रयासबाट स्थापना गरिएको हो । लामो समयदेखि महिला अधिकारका लागि विभिन्न महिला संघ/संगठन र संस्थाहरु संघर्षरत रहे पनि महिलाको हकहित र अधिकारको क्षेत्रमा गुणात्मक फड्को पार्न नसकिरहेको अवस्थामा लोकतान्त्रिक

राज्य व्यवस्थामा राज्यको नीति निर्माण र कार्यान्वयन गर्ने कार्यमा महिलाको भूमिका महत्वपूर्ण र निर्णायक हुने सबै नीतिको आधार राजनीति भएको हुँदा महिला वर्ग पनि महिला अधिकारको पक्षमा बढि सचेत र संबेदनशिल हुन पर्ने र महिलाका सम्पूर्ण समस्याहरु राजनैतिक तवरले समाधान गर्नु पर्ने र महिला सहभागिता बेगर राष्ट्रको सर्वाङ्गीण विकास सम्भव नहुने हुदाँ संघीय लोकतान्त्रिक गणतन्त्रमा महिलाको उल्लेख्य सहभागिता रहेकोले यस अनुसन्धानको औचिन्य र महत्व रहेको छ । दिगो शान्ति महिला अधिकार को स्थापना, राज्यका प्रत्येक निकायमा महिलाको सहभागिता र महिला अधिकारका पक्षमा महिलाले गरेका संघर्षलाई उजागर गर्नु परेकोले यसको महत्व रहेको छ । २००७ साल देखि २०६२ को संयुक्त गणतान्त्रिक आन्दोलन सम्म महिलाले गरेको योगदान र सहभागितालाई विस्तृत रुपमा शोधखोज गर्नु परेकोले यस शोधको औचित्य रहेको छ । महिलाको राजनीतिक चेतनाको विकास गर्न, विभिन्न राजनीतिक दलभित्र महिला नेतृत्वको विकास गर्न , बढि भन्दा बढि महिला सहभागिताको विकास गर्न, महिलाको समावे शितालाई सुनिश्चित गर्न महिला सम्वन्धी नीतिको थप विकास गर्न तय भएका नीतिको कार्यान्वयन ठिक ढंगले भएको छकि छै न भनी अध्ययन गरी निष्कर्षमा पुग्दा मात्रै महिला वर्गको नीतिगत त्रुटी कमी, कमजोरीलाई समेत केलाएर महिला सहभागिताको विषयलाई उजागर गरिने भएकाले पनि यो अध्ययनको धेरै महत्व र औचित्य रहन्छ ।

अध्ययन विश्लेषणका क्रममा विभिन्न राजनितिक दलका नेता, महिला नेतृत्व, समाजसेवी, बुद्धिजिवी वर्ग, महिला अधिकारका विषयमा जाकार व्यक्ति र स्वतन्त्र विश्लेषक गरी २० जनाको खुल्ला अन्तवार्ता स्वयम् अनुसन्धानकर्ताकै सकृयतामा लिइएको थियो । जसमा नेपाको प्रजातान्त्रिक आन्दोलनमा महिलाको सहयोग र सहभागिता रहेको छ कि छैन भनि प्रश्न गरिएको थियो । सहभागी व्यक्तित्वसँगको अन्तवार्ताबाट नेपालको प्रजातान्त्रिक आन्दोलनमा महिलालको सहभागिता रहेको धारणा व्यक्त गरेको पाइएको सोही अन्तवार्ताको

निस्कर्ष बमोजिम नेपालको प्रजातान्त्रिक आलोचनामा महिलाको सहभागिता पुष्टि हुन गएको देखिन्छ । यसैगरी स्वयम् अनुसन्धानकर्ताको प्रत्यक्ष संलग्नतामा विभिन्न अध्ययन, सोधखोज, राजनितिक घटनाक्रम, महिला आन्दोलनका समय आधार र विभिन्न परिवेशको अवलो कनबाट समेत नेपालको लोकतान्त्रिक आन्दोलनमा महिलाको सहभागिता पुष्टी भएको पाइन्छ । शताब्दी लामो नेपाली राजनीतिक आन्दोलनको हरेक मोडमा सकृय सहभागिता र भूमिका रहँदै आएको छ । २००७ साल देखी २०६३ सम्मको राजनीतिक आन्दोलनको यात्राको क्रममा महिला वर्गले खेलेको प्रत्यक्ष र अप्रत्यक्ष सहभागितालाई विभिनन श्रोत मार्फत विश्लेषण गरी प्रस्टयाउने प्रयास गरिएको छ । जसको पुस्टीका लागि द्धितिय श्रोतबाट संकलन गरिएका पुस्तक, पत्रपत्रिका, लगायतका तथ्यबाट पुष्टि भएको छ भने प्राथमिक श्रोतका आधारमा लिइएका अन्तवार्ता र प्रत्यक्ष अवलोकनबाट पनि नेपालको लोकतान्त्रिक आन्दोलनका हरेक पाटो र पक्षमा महिलावर्गको सहभागिता पुष्टी हुन आउँछ ।

## सैद्धान्तिक आधार

नेपाली महिलाहरुले समाज परिवर्तन र विकासका लागि विभिन्न समयमा संघर्षगरी महिलाको समानता र अधिकार स्थापित गरे । साहसी र अग्रणी महिलाहरुको प्रयासबाट नेपाली महिलाले सम्मानपूर्वक बाँच्ने वातावरण सिर्जना भएको र नेपाली महिलाको अधिकार लाई शशक्तीकरणमा परिवर्तन हुने आधार मिल्न गयो । प्रजातन्त्रले समानताको प्रत्याभूती गर्छ । प्रजातान्त्रीक मूल्य, मान्यताले समाजका प्रत्येक वर्ग र समुदायको प्रतिनिधित्वलाई स्वीकार गर्दछ । नेपालमा जति पनि आन्दोलन भएका छन् । ती सबै आन्दोलनमा महिलाको सहभागिता उल्लेख्य रहेको छ । तर नेपाली समाज पितृसत्तात्मक शैलीबाट चलेको हुँदा अझै पनि महिलालाई हेर्ने दृष्टिकोणमा परि वर्तन आएको छैन । समाजको गतिशिलता र विकाससँग सँगै राज्यसत्ताको पनि परिवर्तन वा विकास हुँदै हामी आजको युगमा आइपुगे का छौं । आधुनिक निर्माण अघि महिला वर्गको राजनीतिक सोचको इतिहास पाउन त्यति सहज नभएपछि राजपरिवारका महिलाको राजनीतिमा सहभागिताको इतिहास भने पाउन सकिन्छ । विभिन्न वंशका शासन प्रणालीमा महिलाको योगदानलाई उच्च प्रारुपमा लिने गरिन्छ । किरात कालमा त युद्धमा जाँदा पनि महिला र पुरुष सँगसँगै जाने गरेको इतिहास उल्लेख छ । नेपालमाम २००७ सालको क्रान्ती देखी गणतन्त्र स्थापनाको आन्दोलनसम्म आइपुग्दा हरेक समाज निर्माण र विकासको क्रममा नेपाली महिलाको भूमिका अत्यन्त महत्वपूर्ण र निर्णायक रहेको पाइन्छ । निरन्तर महिला आन्दोलनका घटनाक्रमलाई हेर्दा वि.सं. १९४७ देखिको सुरु आन्दो लन बालविवाह, अनमेल विवाह, वहुविवाहको अन्त्य, भोट खसाल्न पाउने अधिकार, महिला शिक्षा प्राप्ती, धर्म संस्कृतिको माध्यमबाट महिलामाथि भएको उत्पीडन, शोषण दमनका साथै सबै प्रकार विकृती र विसंगती विरुद्ध संगठनको स्थापना गरी महिला आन्दोलन अघि बढाएको पाइन्छ । २००४ सालमा थुप्रै महिला संघ संगठन स्थापना भएको हुँदा राजनीतिक सहभागि ता र गतिविधि निकै वढेको पाइन्छ । २००७ सालको क्रान्तीमा महिलाले संघर्षको मैदानमा जीवनको आहुती समेत दिए । वि.सं. २०११ सालमा विदेशी हस्तक्षेपको विरुद्धमा पनि महिला आन्दोलनमा सरिक भए । २०१४ सालमा नेपाली काङ्ग्रेसले गरेको भद्र अवज्ञा आन्दोलनमा कम्यूनिष्ट पार्टीका महिला समेत सहभागी भएका थिए । २०१५ सालको निर्वाचनमा महिलाले संयूक्त रुपबाट भाग लिएका थिए । यस निर्वाचनमा ६ जना महिलाले नेपाली काँग्रेसको तर्फबाट भाग लिएका थिए । २०३४ सालमा देशभित्र महिला प्रतिनिधि भेलाभई पारीजातको संयोजकत्वमा अखिल नेपाल महिला संघको पुर्नगठन गर्ने कार्य भयो । २०३७ सालको जनमत संग्रहमा महिलाको सहभागिता उल्लेख्य रहन गयो । यो अनुसन्धानमा मूल रुपमा नेपालको लोकतान्त्रिक आन्दोलनमा महिलाको योगदान र सहभागितलाई व्याख्या विश्लेषण गरिएको छ । नेपालको लोकतान्त्रिक आन्दोलनको सफल संञ्चालन महिला वर्गबाट भएको विषयलाई नकार्न सकिदैन । वि.सं. २०४२ सालको सत्याग्रहमा विभिन्न राजनीतिक सेवामा विश्वस्त महिलाले भाग लिए । २०४६ सालको आन्दोलमा महिलाले आ-आफ्नो ठाउँबाट संघर्ष गरे । २०६२ मा संसदवादी दल र माओवादी सँगको समझदारी अनुसार २०६३ वैशाखमा दोस्रो जनआन्दोलनको वलमा संसद पुनस्थापना भयो । २०७२ मा गणतान्त्रिक संविधान जारी हुँदा संविधान वन्यो । यहि सेरोफेरोमा यो अध्ययन समिति रहेकाले ऐतिहासिक विवरणात्मक स्वरुपमा यो अनसन्धान रहेको छ ।

## अध्ययन विधि

यो अध्ययन गुणात्मक ढाँचामा रहेको छ । यस अध्ययनमा प्राथमिक श्रोतबाट सामाग्री संकलन गरी २० जना वक्ता जसमा विभिन्न

राजनितिक दलका नेतृत्वमा रहेका महिलालाई प्रत्यक्ष प्रश्न गरी अर्न्तवार्ता कुराकानीको माध्यमबाट सामाग्री संकलन गरी नेपालको प्रजातान्त्रमा महिलाको सहभागिताको विषयलाई प्रस्ट पारीएको छ । दोस्रो स्रोतका रुपमा माथि उल्लेख भए बमोजिम अध्ययन गरी सामग्री संकलन गरी अनुसन्धान अघि बढाएको छ । यसमा अनुसन्धानको प्रकृती मुलत मौलिक गुणात्मक र विवरणात्मक रहेको छ । यसमा लोकतन्त्रको प्राप्ती र कार्यान्वयनमा विभिन्न व्यक्तिको लिखित धारणा समेत समावेश गरी अध्ययन अघि बढाएको छ । यो अध्ययन नेपालमा प्रजातन्त्र प्राप्तीका लागि महिला वर्गको सहभागितालाई औचित्यपूर्ण सान्दर्भिक देखाउने गरी गहन अध्ययनका साथ मौलिक चिन्तनमा आधारित नयाँ ज्ञान सीपन धारणाको क्षेत्रसँग सम्बन्धित छ ।

तथ्य र विषयवस्तुको प्राथमिक स्रोत मुख्य तथा विभिन्न व्यक्तिसँग गरिएको खुल्ला अन्तवार्ता र सहभागी अवलोकन रहेका छन् । नेपालमा लोकतन्त्रको स्थापनामा महिलाको सहभागिता रह्यो रहेन भन्ने सन्दर्भमा तथ्याङ्क संकलन गर्ने माथि उल्लेख भए बमो जिम राजनीतिक महिला, वृद्धिजिवी, समाजसेवी र प्राज्ञिक व्यक्तित्वसँग अनुसन्धानता स्वयम उपस्थीतभई अन्तवार्ता लिइएको थियो । अन्तवार्ता लिनु अघि सम्बन्धित व्यक्तीलाई टेलिफोन गरी अनुसन्धानको उद्देश्यको बारेमा जानकारी गराइएको थियो । उत्तर दाताको समय र स्थानका आधारमा थप प्रश्न समेत गरी अन्तवार्ता लिइएको थियो । द्धितिय श्रोतका रुपमा सरकारी वा गैह्रसरकारी कामकाजमा प्रयोग आइसकेको कागजपत्र प्रकाशन भएका सामाग्री अनुसन्धान भई प्रकाशनमा आएका तथ्यहरु निजी वा व्यक्तिगत रुपमा रेकर्ड भएका र अभिलेख भएका सामाग्री र दस्तावेजहरु संञ्चारका समग्र सामाग्री, अनुसन्धानमा प्रयोग हुने सामाग्री समेतलाई प्रयोगमा ल्याइ अनुसन्धानमा प्रयोग हुने सामाग्री समेतलाई प्रयोगमा ल्याइ अनुसन्धानलाई अघि बढाएको छ । द्धितीय स्रोतका सामाग्री विभिन्न व्यक्ति संघसंस्था पुस्तकालय वाचनालय समेत संकलन गरिएको छ । यसैगरी टेलिफोनबाट प्राप्त सामाग्री समाचार, टेलिभिजन अर्न्तवार्ता, श्रव्य दृश्य सामाग्री समेत संकलन गरी अनुसन्धान गरिएको छ ।

**तथ्य विश्लेषण**

नेपालको लोकतान्त्रिक आन्दोलनमा महिलाको सहभागिताको विषय चर्चा गर्ने हो भने लामो राजनीतिक इतिहास बनेको छ । वि.सं. १९४७ मा महिला समिति गठनकालको महिला आन्दोलन सुधार तथा आदर्शवादी थियो भने २००४ सालदेखिको महिला आन्दोलन मूलतः पुरुष प्रधान उत्पीडित र राजनीतिक उत्पीडन विरुद्ध लक्षित अन्य महिला असमानताका साथै शिक्षा, नागरिक अधिकार र राणा शासन अन्त्यका लागि संघर्ष केन्द्रीत थियो । समय र संघर्षको क्रममा चेतना र आन्दोलनको दायरा पनि फराकलिो हुँदै गयो । वि.सं. २००८ साल देखि २०१७ साल सम्म विशेष गरी यस समयमा राजनीतिक दिशा पहिल्याउने काम भयो । २०१७-२०३६ सालमा सर कार पक्षिय पहिला संङ्गठन हाबी भएको हुँदा यो समयमा महिला उत्पीडनको साथ साथै संगठन स्वतन्त्रताको संघर्ष र भूमिगत रुपमै भए पनि छरिएर रेहका महिलालाई संगठित गर्ने कामको थालनी भयो । तर महिलाहरुको आन्दोलनमा आफ्नो समुदायको हक अधिकार भन्दा राजनीतिक आन्दोलनमा बेसी संलग्न भएको हुँदा महिला आन्दोलनले आम महिलालाई समेट्न सकेन । तथापी हरेक राजनीतिक र सामाजिक क्रियाकलापमा महिला सहभागिता र गतिविधि भने तीब्र बन्दै गएको थियो ।

२०३६-२०४६ सालसम्म महिला सहभागिता राजनीतिक आन्दोलन हरेक पाटोमा सशक्त बन्दै आएको छ । २०४६-२०६३ सालसम्म महिला सहभागिता राजनीतिक आन्दोलन र गणतान्त्रिक आन्दोलनमा महिलाको योगदान र सहभागिता नै राजनीतिक परिवर्तनको आधार बनेको हो ।

जनयुद्ध अघि महिलाको सहभागिता लोकतान्त्रिक आन्दोलन सँगै विकास भएको देखिन्छ । पंञ्चायत राजतन्त्र र एकतान्त्रिक राज्य व्यवस्थाको विरुद्धमा महिलाहरु पुरुष सँगै आन्दोलित हुन थाले र जेलनेल पनि गए । लोकतान्त्रिक व्यवस्थाको स्थापनामा लैङ्गीक अधिकार पनि समावेश हुँदै आएको हो । राष्ट्रिय अखण्डता, सार्वभौमिकता तथा प्रजातान्त्र र नागरिक स्वतन्त्रताको रक्षका लागी ने पालमा भएका प्रत्येक आन्दोलनमा महिलाहरु अग्रपङ्तीमा छन् । बेलायती उपनिवेशको लडाइ होस् वा नालापानीको किल्लाको लडाई महिला वर्गको सहभागिता नै संघर्षको गाथा हो । राजनीतिक र नागरिक अधिकारको चेतना सहित शुरु भएको राणा विरोधी आन्दो लन देखि पंञ्चायतको अन्त्य गर्दै वहुदलिय व्यवस्था र संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना सम्म आइपुग्दा महिला सहभागिता अझै फराकिलो जिम्मेवारयुक्त विश्वसनिय र खँदिलो बन्दै गएको छ । अहिले त संख्यात्मक सहभागितामा हाराहारी र नेतृत्वमा गुणात्मक सक्षमताको प्रदर्शन पनि महिला वर्गले गरेका छन् । महिला आन्दोलनकै सक्षमताका आधारमा राज्यसत्ता र शक्तिामा महिलाको प्रवे श भएको छ ।

यस अध्ययनमा २० जना बौद्धिक, राजनीतिक महिला, समाजसेवीबाट स्वयम अनुसन्धानकर्ताले प्रश्न गरी अन्तवार्ता विधिबाट लो कतान्त्रिक आन्दोलनमा महिलाको सहभागीलाई प्रस्टताको साथ जवाफ आएकाले यसबाट प्रजातान्त्रिक आन्दोलमा महिला सहभागीको विषयलाई विश्लेषण गरि निस्कर्ष निकाल्ने प्रयास गरिएको छ । सबै अनुसन्धानको क्षेत्रमा समेटिएका वर्गले महिला सहभागीताको अवस्थालाई प्रस्ट संग बताएका छन । २००७ साल देखी २०६२/०६३ को जनआन्दोलनमा महिला सहभागिताको स्थीति त यिनै वर्गले बताए अनुसार प्रस्ट हुन्छ । विभिन्न विचारबाट प्राप्त भएका व्यक्तिगत धारणालाई मूल विश्लेषण का विषय बनेकाले नेपालको लो कतान्त्रिक आन्दोलनमा महिला सहभागिताको स्थीति प्रस्ट भएको पाइन्छ । यो अनुसन्धान गुणात्मक स्वरुपको भएकाले उत्तरदाताको मौ लिक विचारलाई नै प्रमुख आधारमा विश्लेषण गरिएको छ । लोकतन्त्रका सम्बन्धमा आ-आ^ना विचार प्रकट गरे अनुसार अनुसन्धानको उद्देश्य र समस्यालाई नै केलाउने प्रयास भएका छन । उत्तरदाता १ देखि उत्तरदाता २० सम्मका सबै जनाले नेपालको लोकतान्त्रिक आन्दोलनमा महिलाको योगदान रहेको र प्रत्यक्ष रुपमा लोकतान्त्रिक आन्दोलनमा महिला वर्गको सहभागिताबाट आन्दोलन सफलतातर्फ उन्मुख भई लोकतान्त्रिक व्यवस्था स्थापना भएकाले महिला सहभागिता र योगदानको पुष्टि हुन आउँछ । २०४६ र २०६२ को आन्दो लनमा मूलत महिला पनि नेतृत्व तहमा पुगी आन्दोलनमा सहभागि भयको कुरा उत्तरदाताबाट आएकाले योगदानको पुष्टि भएको छ । यसैगरी उत्तरदाताले महिला सहभागिताबाट प्राप्त उपलब्धिका बिषयमा समेत बताएकाले नेपालको लोकतान्त्रिक आन्दोलनमा महिला सहभागिता र योगदान पुष्टि हुन आउछ ।

## निष्कर्ष

नेपाली महिलाहरुले सभ्यताको आदिकालदेखि नै आफ्नो हक अधिकार स्थापनाका लागि संघर्ष गर्दै आएका हुन् । यसकालगि राजनीतिक, आर्थिक, सामाजिक, आन्दोलनको विषयलाई विभिन्न घटनाक्रमले नै देखाएको छ । नेपालमा २००७, ०४६, २०६२ सालको राजनीतिक परिवर्तन निरंकुश व्यवस्थाको अन्त्य र वहुदलिय व्यवस्थाको स्थापना गरेको हो । यस्ता आन्दोलनमा नेपाली महिलाहरुले पुऱ्याएको यो गदानलाई सदा उपलब्धीका रुपमा लिन सकिन्छ । नेपाली महिलाले समाजमा रहेको विभेद, विकृती, विसंगती, असमानता, सांस्कृतिक अन्धविश्वास र परम्पराका साथै पत्रिका सम्पत्तीमा समान अधिकरा, राजनीतिक अधिकार र असमान कानूनको विरुद्ध महिलाले समय समयमा उठाएकोले राजनीतिक संघर्षमा महिलाको उपलब्धीका रुपमा लिन सकिन्छ । वि.सं. २०१७ सालमा जनताको हातबाट अधिकार खोसिदा त्यसले महिला आन्दोलनमा ठूलो आघात पाऱ्यो तर खोसिएको अधिकार पुनः स्थापना गर्ने महिलाहरुको निरन्तर संघर्ष र महिला आन्दोलनको ठूलो योगदान रहन गयो । वि.सं. २०४६ सालमा लोकतान्त्रिक आन्दोलन र त्यसले स्थापना गरेको वहुदलिय व्यवस्थाले लोकतान्त्रिक हकसँगै महिलाहरुको राजनीतिक आन्दोलन सफल पनि भयो । २०४७ को अवधिका महिलाहरुको राजनीतिक आन्दोलनले महिलाहरुको पक्षमा ऐतिहासिक महत्व बोकेको संविधान निर्माण  भयो । वि.सं. २०५२ सालको राजनीतिक परिवर्तनका लागि लिए पनि यो आन्दोलनको फलस्वरुप महिला सहभागिता र माओवादी सेनामा महिला प्रवेशले समाज र राष्ट्रको महिला प्रतिको दृष्टिकोणमा एउटा नयाँ विचार र आयाम थपेको थियो । २०६२ को जनआन्दोलनले मुलुकलाई धर्म निरपेक्ष, संघीय गणतन्त्रात्क नेपालको आधारभूत परिवर्तन तर्फ डोऱ्यायो । यसमा महिला आन्दोलनको भूमिका सकृय रुपमा रहन गयो । महिलाहरुको अथक सहभागिता र प्रयासले समाजमा विभिन्न क्षेत्रमा भएका सुधार र परिवर्तनलाई पनि महत्वपूर्ण उपलब्धी मान्न सकिन्छ । महिला वालवालिका मन्त्रालय, राष्ट्रिय सम्मेलनमा महिला सहभागिता, लैङ्गीक प्रवाहीकरणको थालनी, महिला समान अधिकारको प्रत्याभूति, सामाजिक विभेदको अन्त्य राज्यका विभिन्न अङ्गमा ३३% अनिवार्य महिला सहभागिताको स्थीति लगायतका विषयमा भएका उपलब्धीले लोकतान्त्रिक आन्दोलनमा महिला सहभागीताको परिणामको रुपमा लिन सकिन्छ । यिनै महिला आन्दोलनका प्रमुख उपलब्धीलाई जोगाउँदै आज महिलावर्गले समाजका विभिन्न निकायमा सहभागि हुँदै राष्ट्र निर्माणको बाटोमा निरन्तर लागेका पाइन्छन् । यसरी के भन्न सकिन्छ भने नेपालका प्रत्येक लो कतान्त्रिक आन्दोलनमा महिला वर्गको भूमिका र सहभागितालाई उच्च मूल्याङ्कनका रुपमा लिन सकिन्छ ।

## सन्दर्भसामग्री सुची

अधिकारी, सूर्यमणी (वि.सं. २०७०), नेपाली काँग्रेसको इतिहास, काठमाडौं : भूडीपुराण
उपाध्याय, श्री प्रसाद (२०५१), नेपालको प्राचीन तथा मध्यकालिन इतिहास, काठमाडौं : रत्न पुस्तक भण्डार
उपाध्याय, गोविन्द प्रसाद (वि.सं. २०५८), नेपालको लोकतान्त्रिक इतिहास, काठमाडौं : कान्तिपुर अफसेट प्रेस ।
कार्की, ज्ञान बहादुर (वि.सं. २०६५), नेपालमा लोकतान्त्रिक आन्दोलन, काठमाडौं : फ्युजन बुक्स ।
गिरी, प्रदिप (वि.सं. २०६६), नेपाली काँग्रेस, माओवाद र मधेश, काठमाडौं : हमाल प्रकाशन ।
ढकाल, धनेन्द्रपुरुष (वि.सं. २०४६), जनआन्दोलन २०४६, ललितपुर : धनेन्द्र पुरुष ढकाल ।
दाहाल, पुरुषोत्तम (वि.सं. २०६५), मानवअधिकार लोकतन्त्र शान्ति र अहिंसाको आधार, काठमाण्डौं ।
लोकतन्त्र शान्ति र अहिंसाको आधार, काठमाण्डौं ।
मानव अधिकार तथा शान्ति समाज ।
भण्डारी, रतन (वि.सं. २०७९) åflरका देवी ठकुरानी, काठमाडौं : बुकहिल प्रकाशन ।
पन्त, टंक (सम्पादक वि.सं. २०७७), नेपाली महिलाको ऐतिहासिक आन्दोलन एक शताब्दी, काठमाण्डौं :
पोखरेल, हरिहर (२०५४) वि.सं. २०४६ सालको जनआन्दोलनमा नेपाली काँग्रेसको भूमिका विद्यावारिधी शोध ।
बस्नेत, पुरुषोत्तम (२०६६), नेपाली काँग्रेसको इतिहास, काठमाण्डौं : आठराइ प्रकाशन ।
शिवाकोटी, नारायण (वि.सं. २०४७), जनआन्दोलन र शहिदहरु, काठमाण्डौं : भीष्म कडरिया ।